फोन. 081-520151,520338,525323
टोलफ्री नं. 1660 81 52052
वेभसाइट : www.nepalgunjmun.gov.np
इमेल : nepalgunjmun@gmail.com

# नेपालगञ्ज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### नेपालगञ्ज, बाँके

लुम्बिनी प्रदेश, नेपाल ।

मितिः २०७९।०९।२५

प.सं. २०७९/०८०
च.नं. २६५८

**वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको पुनःएकीकरण कार्यक्रमका लागि तथ्याङ्क संकलन गर्नुपर्ने भएकाले सूचिकृत हुन निवेदन दिने बारेको अत्यन्त जरुरी सूचना !!!**

वैदेशिक रोजगारीमा गएका श्रमिकले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूँजी, प्रविधि, ज्ञान र सीपको उपयोग गरी स्वदेश भित्रै रोजगारी र स्वरोजगारीका अवसर सृजना गरी वैदेशिक रोजगारी माथिको परनिर्भरतालाई क्रमशः कम गर्दै लैजाने उदेश्यले नेपाल सरकारले- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनःएकीकरण कार्यक्रम(संचालन तथा व्यवस्थापन निर्देशिका), २०७९ स्वीकृत गरेको छ । उक्त कार्यविधिमा व्यवस्था भए बमोजिम स्थानीय तह संगको सहकार्यमा स्थानीय तहको माग र आवश्यकता बमोजिम स्थानीय तह मार्फत नै पुनःएकीकरणका कार्यक्रमहरु संचालन हुने व्यवस्था छ । सो बमोजिम पुनःएकीकरण कार्यक्रम संचालनका लागि वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको खण्डिकृत तथ्याङ्क आवश्यक परेकाले नेपालगञ्ज उपमहानगरपालिका भित्र रहेका वैदेशिक रोजगारीबाट फर्केका र पुनःएकीकरण कार्यक्रममा सहभागी हुन चाहने व्यक्तिहरुको ***वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनःःएकीकरण कार्यक्रम(संचालन तथा व्यवस्थापन निर्देशिका)*** २०७९ को अनुसुची ३ बमोजिम सम्बन्धित वडा कार्यालयमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र निवेदन दिनुहुनु अनुरोध छ । निवेदन फारम सम्बन्धित वडा कार्यालयमा उपलब्ध हुनेछ ।

**आवश्यक कागजातहरु :**

- आवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी । **(नागरिकतामा स्थायी बसोवास नदेखिएमा बसाईसराई वा महिलाको हकमा विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपि )**
- पासपोर्ट साइज फोटो १ प्रति
- निवेदकको पासपोर्टको प्रतिलिपि १ प्रति
- निवेदकले कुनै शिपमुलक तालिम लिएको भए सो को प्रतिलिपि १ प्रति

२०७९।९।२५

**प्रमुख प्रशासकीय अधिकृत**
**नेपालगञ्ज उपमहानगरपालिका ।**

शिव प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची ३**

**(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)**

**लाभग्राहीमा सूचीकृत हुनका लागि दिने निवेदनको ढाँचा**

श्री रोजगार संयोजकज्यू,
रोजगार सेवा केन्द्र
नेपालगञ्ज उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय बाँके ।

विषय : लाभग्राहीमा सूचीकृत गरी पाँऊ ।

उपर्युत सम्बन्धमा म ........................................ वैदेशिक रोजगारीको क्रममा .................. देश गई .......................... रोजगारीमा गई.............................. सीप/ज्ञान हासिल गरी नेपाल फर्की पुनः एकीकरण कार्यक्रममा सहभागी हुन इच्छुक भएकोले लाभग्राहीमा सूचीकृत हुनका लागि यो निवेदन पेश गरेको छु ।

१. निवेदकको :-

(क) नाम थर :

(ख) स्थायी ठेगाना :

(ग) अस्थायी ठेगाना :

(घ) राहदानी नं. :

(ङ) नागरिकता नं. :

(च) श्रम स्वीकृति लिएको मिति :

(छ) काम गर्न गएको मिति :

(ज) रोजगारीको लागि गएको देश :

(झ) सहजीकरण गर्ने वैदेशिक रोजगार व्यवसायीको नाम :

(ञ) नेपाल फर्किएको मिति :

(ट) रोजगारीको प्रकार :

(ठ) हासिल गरेको सीप/ज्ञान :

(ड) करार अवधि :

(ढ) सहभागी हुन इच्छुक पुनःएकीकरण कार्यक्रमको प्रकार :

(ण) मनोसामाजिक परामर्श आवश्यक पर्ने/नपर्ने :

२. बाबु/आमाको नाम :

३. पति/पत्नीको नाम :

४. संलग्न कागजातहरु :

माथी पेश गरेको विवरण ठीक साँचो छ। फरक पर्न गएमा कानून बमोजिम सहुँला बुझाउँला ।

**निवेदक**

हस्ताक्षर :
नाम थर :
जिल्ला :
गा.पा.:
वडा नं. :

**छाप**

| | |
|---|---|
| | |

निवेदन दिएको मिति :
सम्पर्क नं. :